का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ भदौ २०८०,
शानिबार
9 September 2023,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २२६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# दबाबमा पुराना दलहरु

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २२ भदौ ।



*मुलुकको सत्ता अहिले पनि प्रमुख राजनीतिक दलहरुकै नेतृत्वमा चलिरहेको छ । तर बदलिँदो जनमतको रुझानका कारणले ठूला दलहरु संगठनात्मक अवस्थामा जानुपर्ने दबाबमा देखिन्छन् ।*

पुराना र प्रमुख दलहरुप्रति बढ्दो बितृष्णाका कारणले विकृत गतिविधि समेत देखिन थालेको छ । नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि भएको सांघातिक आक्रमण गर्ने जस्ता विकृत कार्यलाई बढ्दो बितृष्णासँग नेताहरुले जोडेका छन् । बिहीबारकै संसद् बैठकमा यादवमाथिको आक्रमणलाई ठूला दलका सांसदहरुले स्वतन्त्र र नयाँ शक्तिहरुको विकृत गतिविधिसँगै जोडे ।

जबकी यादवमाथि सांघातिक आक्रमण गरिसकेपछि राजसंस्थाको नारा लगाएका थिए । आक्रमणकारीले राजसंस्थाको पक्षमा नारा लगाएपनि त्यही एजेण्डालाई लिएर राजनीति गरिरहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले ती व्यक्ति आफ्नो पार्टीमा आवद्ध नरहेको प्रष्टोक्ति दिएको छ । तर ठूला दलका सांसदहरुले जबर्जस्त वैकल्पिक राजनीतिको वकालत गर्नेहरुलाई उक्त आक्रमणको आरोप लगाउने प्रयास गरे ।

ती सांसदहरुले काठमाडौं महानगरका मेयर बालेनले सिंहदरबारमा आगो लगाउने चेतावनी दिएको केही दिनभित्रै खुकुरी प्रहार गरिनुलाई जोड्ने प्रयास गरेका थिए । तर यो घटना प्रहरी अनुसन्धानको विषय हो, छानबीनबाटै घटना निष्कर्षमा पुग्नेछ ।

तर यो निन्दनीय सांघातिक आक्रमण हुनु अगाडि समेत पुराना दलहरु दबाबमा पर्दै पृष्ठ २ मा



*बर्दिया राष्ट्रिय निकुञ्जमा टहलिँदै बाह्रसिंगे । यस निकुञ्जमा उल्लेख्य संख्यामा बाह्रसिंगे पाइन्छ । तस्बिर : स्कन्द गौतम*




# काठमाडौंमा रमझम कर्णालीमा बहिष्कार

संघीय राजधानी काठमाडौंमा रमझमका साथ निजामती दिवस मनाइरहँदा कर्णाली प्रदेशमा भने बहिष्कार गरिएको छ । संघीय कर्मचारीहरुलाई समान व्यवहार नभएको भन्दै स्थानीय कर्मचारीहरुले दिवस बहिष्कार गरेका हुन् ।

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २२ भदौ ।

शुक्रबार संघीय राजधानी काठमाडौंमा रमझमका निजामती सेवा दिवस मनाइरहँदा कर्णाली प्रदेशसहितका मा भने बहिष्कार गरिएको छ । संघीय कर्मचारीहरूलाई समान व्यवहार नगरिएको भन्दै विभिन्न स्थानीयका कर्मचारीहरूले भने यो दिवस बहिष्कार गरेका हुन् । कर्णाली प्रदेशका ७९ स्थानीय तहका कर्मचारीमध्ये अधिकांश स्थानीय तहका कर्मचारीले यो दिवस बहिष्कार गरेका छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै स्थानीय तहहरूलाई निजामती सेवा दिवस मनाउन सर्कुलर गरेको थियो । तर प्रस्तावित निजामती सेवा विधेयकमा स्थानीय तहका कर्मचारीलाई निजामती सेवाको परिभाषामा नसमेटेको र सेवा सुविधा तथा वृद्धि विकासको सुनिश्चितता नभएको भन्दै स्थानीय तहका कर्मचारीहरूले दिवस बहिष्कार गरेका हुन् ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने शासन प्रणालीको प्रशासनिक संरचना संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा भन्दै विभेदकारी नीति निर्माण गरेको भन्दै उनीहरूले विरोध गरेको बताएका छन् ।

बिहीबारको मन्त्रिपरिषद् बैठकले 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्तसम्बन्धी विधेयक, २०८०' लाई संघीय संसदमा पेस गर्ने निर्णय गरेको थियो । विभेदयुक्त व्यवस्था सहितको विधेयक संशोधनको माग गर्दै स्थानीय तहका कर्मचारीहरूले निजामती सेवा दिवस नमनाएर बहिष्कार गरेका हुन् । उनीहरूले विरोधस्वरुप दिनभरि कालो पट्टी बाँधेर काममा खटिएका थिए ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले र जिल्ला प्रशासन कार्यालयले शुक्रबार निजामती सेवा दिवस मनाउने भनी पत्राचार गरे पनि स्थानीय तहमा कार्यरत कर्मचारीको सेवा सुविधा, वृत्ति विकास सुनिश्चितता नभएको र प्रस्तावित निजामती सेवा ऐनको मस्यौदामा स्थानीय तहका कर्मचारीलाई निजामतीको परिभाषामा नसमेटिएकाले हातमा कालो पट्टी बाँधेर विरोध जनाएको आठबीसकोट नगरपालिका प्रशासन शाखा प्रमुख जगंबहादुर थामीले बताए ।

उनले कर्मचारीबीच विभेद भएकाले निजामती सेवा दिवसमा कालो पट्टी बाँधी विरोध जनाउने र स्थानीय तहको कर्मचारीलाई निजामतीको परिभाषामा नसमेटिएसम्म निजामती सेवा दिवस नमनाउने निर्णय गरेको बताए । यस्तै शुक्रबार दिनभर कालोपट्टि बाँधेर विरोध जनाएको मुसिकोट नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख मानबहादुर खत्रीले जानकारी दिए । यस्तै संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी बिच विभेद गरेको हुँदा निजामती सेवा दिवस मनाउन पृष्ठ २ मा

> प्रदेश निजामती ऐन आएपछि कर्मचारीहरूलाई काम गर्न सहज हुने विश्वास छ ।
>
> **मंगलबहादुर शाही**
> कार्यवाहक मुख्यमन्त्री
> कर्णाली प्रदेश

## वैदेशिक रोजगार विशेष

# अवैधरुपमा अमेरिका पठाउने गिरोहका मुख्य व्यक्ति पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ भदौ



प्रहरीले संगठित मानव तस्करीका माध्यमबाट नेपाली युवालाई अमेरिका पठाइ बेचबिखन गर्ने गिरोहका मुख्य व्यक्ति पक्राउ परेको बताएको छ। प्रहरीले विभिन्न प्रलोभनमा ठूलो रकम असुलेर नेपाली युवाहरूलाई अवैधानिक बाटोबाट अमेरिका पुऱ्याएको र कतिपयलाई अलपत्र पारेको अभियोगमा नेपाली मूलका अमेरिकी नागरिक हस्त गौतमलाई पक्राउ गरेको बताएको हो ।

नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले ५२ वर्षीय गौतमलाई लामो अनुसन्धान र निगरानीपछि बुधबार रूपन्देहीको बेलहिया नाकाबाट पक्राउ गरिएको बताएको छ । ब्युरोका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ज्ञानबहादुर विष्टले गौतमले हालसम्म दुई सय नेपाली नागरिकलाई अमेरिका पठाइसकेको स्वीकार गरेको जानकारी दिए । प्रहरीले उनीविरूद्ध मानव ओसार पसार तथा बेचबिखन ऐनअनुसार कारबाहीका लागि जिल्ला अदालत काठमाडौंबाट म्याद थप गरी थुनामा राखिएको बताएको छ ।

रुकुम सिस्ने गाउँपालिका-४ मा जन्मिएर अमेरिकाको टेक्ससमा स्थायीरूपमा बस्दै आएका गौतमको समूहले अमेरिका पठाउने नाममा दुई करोडभन्दा बढी ठगी गरेको उजुरी परेको प्रहरीको भनाइ छ ।

गौतमले नेपाली युवायुवतीलाई अमेरिका पठाइदिने भन्दै भिजिट भिसामा यूएई, जाम्बीया, सिंगापुर र थाइल्याण्डलगायतका देशहरुमा पुऱ्याइ नियन्त्रणमा राखेर राहदानी पृष्ठ २ मा

### कोरियासँग मौसमी कामदार पठाउने कुनै पनि सम्झौता भएको छैन : श्रम मन्त्रालय

काठमाडौं/मस- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले दक्षिण कोरियासँग मौसमी कामदार पठाउने कुनै पनि सम्झौता नभएको स्पष्ट पारेको छ। कात्तिक २२ गतेसम्ममा १२ हजार नेपाली कामदार पठाउन कोरियासँग सम्झौता भएको उल्लेख भएको नक्कली सूचना सामाजिक सञ्जालमा भेटिएपछि विज्ञप्ति जारी गर्दै मन्त्रालयले सामाजिक सञ्जालको सूचना नक्कली भएकाले विश्वास नगर्न आग्रह गरेको छ ।

मन्त्रालयले कोरियासँग रोजगार अनुमति प्रणाली (ईपीएस)बाट मात्रै नेपाली कामदार जान सक्ने बताएको छ। मन्त्रालयले आधिकारिता यकिन गरेर मात्र वैदेशिक रोजगारीको प्रक्रिया शुरु गर्न आग्रह गरेको छ। पृष्ठ २ मा

## कोशी प्रदेश

# दुई महिनामै सत्तामा फर्कियो एमाले

एमाले नेतृत्वको सरकार ढल्दै गर्दाको संसदीय अंकगणित र फेरि हिक्मत कुमार कार्की मुख्यमन्त्री बन्दै गर्दाको संसदीय अंकगणितमा फेरबदल आएको छैन ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ भदौ ।

कोशी प्रदेशका नवनियुक्त मुख्यमन्त्री हिक्मतकुमार कार्कीले पद तथा गोपनियताको शपथग्रहण गरेका छन्। यो सँगै कोशी प्रदेशमा एमाले दुई महिनामै सत्तामा फर्किएको छ ।

१५ असारमा एमाले नेतृत्वको कोशी प्रदेश सरकार ढलेको थियो । विश्वासको मत लिने मुख्यमन्त्री हिक्मतकुमार कार्कीको प्रस्ताव प्रदेशसभाले अस्वीकृत गरेपछि उनी नेतृत्वको सरकार ढलेको थियो ।

उनै कार्की दुई महिनापछि फेरि मुख्यमन्त्री भएका हुन् । तर उनी नेतृत्वको सरकार ढल्दै गर्दाको संसदीय अंकगणित र फेरि मुख्यमन्त्री बन्दै गर्दाको संसदीय अंकगणितमा फेरबदल आएको छैन ।

९३ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ४७ मत चाहिन्छ । कार्कीको पक्षमा एमालेका ४० र राप्रपाका ६ गरी ४६ प्रदेशसभा सदस्य खुलेका छन् । उनको विपक्षमा बाँकी मत रहेको छ । नेपाली कांग्रेसका, माओवादी केन्द्र र एकीकृत समाजवादीले एमाले बाहेकको सरकार बनाउने प्रयास गर्दा कार्की दुई महिना सरकार बाहिर रहेका थिए ।

२०७९ मंसिरमा भएको प्रदेश सभा चुनावपछि २४ पुसमा कार्की पहिलो पटक मुख्यमन्त्री नियुक्त भएका थिए । पृष्ठ २ मा



*नवनियुक्त मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई पद तथा गोपनियताको शपथग्रहण गराउँदै प्रदेश प्रमुख पर्शुराम खापुङ ।*

मध्यान्ह
www.madhyanhadaily.com
२३ भदौ २०८०, शनिबार
9 September 2023, Saturday

# प्रदीप गिरीको नाममा अस्पताल खोल्न सरकारले सहयोग गर्छ : प्रधानमन्त्री

**रामएकवाल राम/मध्यान्ह**
लहान, २३ भदौ

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कांग्रेसका दिवंगत प्रदिप गिरीको नाममा अस्पताल खोल्न सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।




प्रदीप गिरीको प्रथम वार्षिकी सभालाई सम्बोधन गर्दै उनले सो प्रतिबद्धता जनाएका हुन् । प्रदीप गिरि मेमोरियल ट्रस लहानले आयोजना गरेको कार्यक्रममा दाहालले लहानको बस्तीपुरमा सडक पूर्वाधार विकासमा पनि सरकारले सहयोग गर्ने बताए ।

गिरि नेपालको राजनीतिक, सामाजिक रूपान्तरणका एक मौलिक विलक्षण चिन्तकको धनी रहेको पनि उनले स्मरण गरे । गिरिले पुऱ्याएको योगदान, दार्शनिक चिन्तन, राजनीतिक विश्लेषण पछिको पुस्तासम्म स्मरण रहने प्रधानमन्त्री दाहालले बताए ।

उनको दार्शनिक चिन्तन, समाजवादी चिन्तन र राजनीतिक विश्लेषण आफ्नै मौलिक दृष्टिकोण थियो', गिरीलाई सम्झँदै प्रचण्डले भने,'राज्यले आतंककारी घोषणा गरी हाम्रो टाउकोको मूल्य तोकेको अवस्थामा माओवादी सशस्त्र विद्रोह राजनीतिक समस्याको रूपमा विश्लेषण गर्नुभयो । त्यहीअनुसार देउवासँग भेट गराउनुभयो ।' यस्तै उनले समाजवादी चिन्तक एवं नेपाली कांग्रेसका नेता स्वर्गीय गिरीको अभाव नेपाली राजनीतिमा खड्किरहेको बताए । प्रधानमन्त्री दाहालले स्व.नेता गिरीको विचार र चिन्तनको मौलिकता तथा सबैसँग सरल र सहज सहकार्य गर्नसक्ने विलक्षण क्षमता भएकाले उनीबाट सिक्न धेरै कुरा बाँकी रहेको महसुस गरेको बताए ।

त्यसैगरी नेता गिरीको निधनले आउने पुस्ताका लागि विचार, चिन्तन र ऊर्जा प्राप्तिमा अमर रहिरहने विश्वास रहेको उनले व्यक्त गरे ।

समारोहलाई सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री दाहालले सिरहाको भौतिक पूर्वाधारको विकास र लहानमा प्रदीप गिरिको नाममा मेडिकल कलेज स्थापना गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा अर्थमन्त्री डा.प्रकाशशरण महत, परराष्ट्रमन्त्री नारायणप्रसाद साउद, राष्ट्रियसभा उपाध्यक्ष उर्मिला अर्याल, पूर्वमन्त्रीहरू मात्रिकाप्रसाद यादव, पद्मनारायण चौधरी, अजय शंकर नायके, सीतादेवी यादवलगायतले मन्तव्य राखेका थिए । लहान-१४ को खुट्टी खोलाको छेउमा गिरी विसं २०४६ पछि बस्दै आएको ठाउँलाई प्रदीप गिरीको आश्रम भनेर चिनिने गरिन्छ । स्व.गिरिलाई बिपीको समाजवादी चिन्तनको सच्चा व्याख्याताका रूपमा हेर्ने गरिन्छ । नेता गिरीको ललितपुर नक्खुस्थित मेडिसिटी अस्पतालमा उपचारका क्रममा गत वर्ष भदौ ४ गते ७५ वर्षको उमेरमा निधन भएको थियो ।

# जाजरकोटमा अख्तियारकै टोलीमाथि आक्रमण

**सुर्खेत/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुर्खेतको टोलीमाथि जाजरकोटमा आक्रमण भएको छ । भेरी नगरपालिका-५ को निर्माणाधीन वडा कार्यालयको भवन निरीक्षण गर्न पुगेको टोलीमाथि आक्रमण भएको हो । आक्रमणबाट एक जना घाइते भएको जिल्ला प्रहरी कार्यालय जाजरकोटले जनाएको छ ।




जिल्ला प्रहरी कार्यालय जाजरकोटका प्रहरी प्रमुख सन्तोष रोकाले निरीक्षणका लागि अख्तियारबाट पाँच जनाको टोली जाजरकोट आएको बेला उनीहरूमाथि आक्रमण भएको बताए । उनले चालक मानबहादुर ठाडा मगर घाइते भएको जानकारी दिए ।

अख्तियारको गाडी चालक मानबहादुर वीरेन्द्रनगर नगरपालिका-११ का हुन् । उनलाई मुक्काले हानी घाइते बनाइएको प्रहरीले बताएको छ । उनको अहिले स्वास्थ्य सेवा कार्यालय जाजरकोटमा उपचार भइरहेको रोकाले बताए । उनका अनुसार घटनामा संलग्न सोही ठाउँका २४ वर्षीय वीरेन्द्र चन्द, २७ वर्षीय किरण शाही, ३७ वर्षीय चक्र बहादुर मल्ललाई प्रहरीले पक्राउ गरिसकेको छ ।

भवन निर्माणमा अनियमितता भएको विषयमा अख्तियारको टोली निरीक्षण गर्न त्यहाँ पुगेको थियो । आवश्यक कागजातहरूको अध्ययन गरिरहेका बेला आक्रमण भएको डीएसपी रोकाले बताए । यस्तै उनीहरुले वडा कार्यालयका सामान समेत तोडफोड गरेका छन् । पक्राउ परेकाको थप अनुसन्धान भइरहेको डीएसपी रोकाले बताए ।

# आँखा शिविरमा २० जनाको मोतियाविन्दुको शल्यक्रिया



**सहवास खान/मध्यान्ह**
कृष्णनगर, २२ भदौ

कृष्णनगर नगरपालिकाको वडा नम्बर ३ मा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । शिविरमा १ सय ५४ जनाको आँखा जाँच गरिएको छ । जसमध्ये २० जनालाई मोतियाविन्दुको शल्यक्रिया गर्नका लागि छन्द(कालेबाबु) नारायणी आँखा अस्पताल बहादुरगञ्ज गरिएको छ । यस्तै १ सय ३४ जनालाई चेक जाँच गरी औषधी वितरण गरिएको आयोजकले जनाएको छ ।

कृष्णनगर नगरपालिका वडा ३ को आयोजना तथा छन्द (कालेबाबु) नारायणी आँखा अस्पताल बहादुरगञ्जको प्रविधिक सहयोगमा निःशुल्क आँखा जाँच तथा शल्यक्रिया शिविर आयोजना गरिएको आँखा अस्पतालका प्रमुख प्रशासकीय अधिकृत जसराज विश्वकर्माले बताए ।

वडा अध्यक्ष सगिर अहमद खाँले यस आँखा शिविरबाट आम नागरिकले सहज रुपमा सेवा लिन सफल भएको बताए । उनले आँखा जस्तो संवेदनशील अंगमा समस्या कारण वृद्धवृद्धाहरुलाई हिँड्डुल गर्न गाह्रो भएको बताउँदै अब उनीहरुलाई आँखाको शल्यक्रिया पश्चात सहज हुने बताए । यसरी नै जनताहरुको सेवा सधैं आफु खटिरहने वडा अध्यक्ष खाँले प्रतिबद्धता जनाए ।

# 'सेना आस्था र भरोसाको धरोहर हो भन्ने विश्वास कायम राखौं'




**काठमाडौं/मस–** प्रधान सेनापति प्रभुराम शर्माले नेपाली सेना जनताको आस्था र भरोसाको धरोहर हो भन्ने विश्वासलाई कायम राखि व्यक्तिगत र सामूहिक ढंगले कार्यसम्पादन जिम्मेवारी पूरा गर्न निर्देशन दिएका छन् ।

सैनिक मुख्यालय जंगी अड्डामा भएको दुई दिने पृतनापति समन्वयात्मक बैठकलाई सम्बोधन गर्दै उनले अनुशासन तथा जवाफदेहिताको महत्त्वलाई बुझेर प्राप्त सबै जिम्मेवारी गुणस्तरीय ढंगले निर्धारित समयमा पूरा गर्न सुझाव दिए ।

प्रधानसेनापति शर्माले भने, 'आगामी कार्यहरु थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउनुपर्छ, बैठकमा भएका छलफललाई तल्लो दर्जा र एकाइसम्म प्रभावकारी ढंगले कार्यान्वयनमा लैजानुस् ।' उनले बैठकबाट समग्र देशको परिस्थितिलाई बुझेर आइपर्न सक्ने चुनौतीहरुको पहिचान गरी सोको सामना गर्न अपनाउनुपर्ने रणनीति तथा कार्यनीति निर्धारण गर्न मद्दत पुगेको बताएका सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

बैठकमा सहभागीले जिम्मेवारी क्षेत्रको परिस्थितिको विश्लेषण, अपरेशनल अवस्थालगायत प्रधान सेनापति समक्ष गर्नु भएको कमाण्ड प्रतिबद्धताको प्रगति प्रतिवेदन, सञ्चालित तालिमको प्रभावकारिता तथा अघिल्लो पृतनापति समन्वयात्मक बैठकमा उल्लेख भएका विषयको प्रगति विवरण प्रस्तुत गरेका थिए ।

पृतनापतिलगायत विभिन्न विभाग, महानिर्देशनालय तथा निर्देशनालयका प्रमुखहरु तथा सम्बन्धित बाहिनीपतिको सहभागिता रहेको बैठकमा प्रस्तुत विषय र छलफलबाट नीति निर्माण तथा भावी योजना तर्जुमा गर्न सहयोग पुग्ने सेनाले विश्वास लिएको छ ।

# प्रहरीविरुद्ध विरोध प्रदर्शन, प्रहरीद्वारा हवाई फायर



**ताप्लेजुङ/मस–** नेपाली कांग्रेस निकट तरुण दल र नेपाल विद्यार्थी संघ (नेविसंघ) ले ताप्लेजुङ प्रहरीविरुद्ध प्रदर्शन गरेका छन् । बिहीबार राति कोशी प्रदेशका प्रदेशसभा सदस्य खगेनसिं हाङ्गामलाई प्रहरीद्वारा नै आक्रमण भएको भन्दै सुरक्षा निकायकाविरुद्ध उनीहरूले प्रदर्शन गरेका हुन् ।

तरुण दल र नेविसंघ ताप्लेजुङको अगुवाइमा दिउँसो मध्याह्नपछि पार्टी कार्यालयबाट विरोध जुलुस निकालिएको थियो । प्रदर्शनकारीले जिल्ला प्रहरी कार्यालय र प्रहरी सहायता केन्द्रको संरचनामा ढुंगा र लाठी प्रहार गरेका थिए । प्रहरी कार्यालयअघि प्रदर्शन गर्न पुगेका प्रदर्शनकारी आक्रोशित बनेपछि प्रहरीले हवाई फायरसमेत गरेको थियो ।

ताप्लेजुङका प्रहरी नायब उपरीक्षक राजन लिम्बूलाई निलम्बन गर्नुपर्ने लगायतका मागसहित नाराबाजी गर्दै बजार परिक्रमा गरिएको थियो । बजार परिक्रमापछि जिल्ला प्रशासन कार्यालयअघि कोणसभा समेत गरिएको थियो । कोणसभालाई सम्बोधन गर्दै प्रदेशसभा सदस्य हाङ्गामले आफूमाथि प्रहरीले नियोजितरूपमा आक्रमणको प्रयास गरेको बताए ।

सुरक्षार्थ खटिने प्रहरीले जनप्रतिनिधिमाथि नै आक्रमणको प्रयास गर्नुले प्रहरीप्रति सर्वसाधारण नागरिकको विश्वास र भरोसा गुमेको उनको जिकिर थियो । सदरमुकाममा लागेको मिनिमेलालगायतका विभिन्न कार्यक्रमबाट प्रनाउ लिम्बूले पैसा लिएको उनले आरोप समेत लगाए । पाथीभरा क्षेत्रका यातायात व्यवसायीबाट समेत पैसा असुल्ने गरेको उनको भनाइ थियो । यस्तै कांग्रेस सभापति गजेन्द्र तुम्याहाङले कांग्रेस पार्टीका विरुद्ध नै प्रहरी नियोजितरूपमा प्रस्तुत भएको टिप्पणी गरे ।

यता प्रहरीले भने बजार क्षेत्रमा सुरक्षार्थ खटिएका प्रहरीले मापसेसहित देखिएका केहीलाई सजग गराउने क्रममा उल्टै प्रहरीमाथि गालीगलौज भएपछि विवाद सिर्जना भएको जनाएको छ । मिनिमेला लागिरहेको गेटबाहिर भएको उक्त विवाद सामान्य भएर प्रहरीको टोली कार्यालय फर्कने क्रममा हतियार खोस्ने प्रयास भएको जिल्ला प्रहरी प्रमुख तथा प्रहरी नायब उपरीक्षक लिम्बूले बताए । उनका अनुसार हतियार खोस्न खोजेपछि थप विवाद भएको थियो । हाङ्गाम निवासको गेटभित्र खुकुरीसहित युवाको समूह देखिएपछि त्यहाँ प्रहरी पुगेको उनको भनाइ छ ।

**रौतहट डायरी** | प्रेमचन्द्र झा/मध्यान्ह

# धारिलो हतियार प्रहारबाट राम जानकी मन्दिरका पुजारी गम्भीर घाइते

अज्ञात समूहको धारिलो हतियार प्रहारबाट दुर्गा भगवती गाउँपालिका ३ मत्सरी पर्सा टोलस्थित राम जानकी मन्दिरका पुजारी गम्भीर घाइते भएका छन् । बिहीबार राति करिब साढे ११ बजे अज्ञात हतियारधारी समूहले राम जानकी मन्दिरका पुजारी ७० वर्षीय मिश्रि लाल साहमाथि धारिलो हतियार प्रहार गरेको हो । घाइते साहको बागमती सेन्ट्रल अस्पताल गंगापिपरामा उपचार भइरहेको प्रहरीले बताएको छ ।



पुजारी साहको टाउकोमा चोट लागेको छ । उपचारको क्रममा उनको टाउकोमा आठ वटा टांका लगाइएको बताइएको छ । घटनामा संलग्न व्यक्तिको खोजी तथा घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय गंगापिपराका प्रहरी सहायक निरीक्षक बिएन त्रिपाठीले बताए ।

# स्कुल नजाने बालबालिकालाई शिक्षा दिने ऐतिहासिक काम भएको छः नगर प्रमुख जयसवाल



गरुडा नगरपालिकाका नगर प्रमुख कन्तमणी प्रसाद जयसवालले गरुडा र माधव नारायण नगरपालिकामा स्कुल नजाने बालबालिकालाई शिक्षा दिने ऐतिहासिक काम भइरहेको बताएका छन् । जिल्ला परियोजना सल्लाहकार समितिको बैठकमा मुस्लिम समुदायका सरकारी विद्यालयमा पढ्न नजाने बालबालिकालाई मदर्साको माध्यमबाट शिक्षा लिन पाएको भन्दै नगर प्रमुख जयसवालले वर्ल्ड भिजन र ग्रामीण विकास केन्द्रले सञ्चालन गरेको कार्यक्रमको सराहना गरे ।

गरुडा नगरपालिका वडा नम्बर ७ को एउटा विद्यालयमा कक्षा कोठाको कमीका कारण बस्ने ठाउँको अभाव थियो तर यस कार्यक्रमबाट विद्यालयमा सुधार भएको, खेल्ने चौर व्यवस्थापन भएकोमा नगरप्रमुखले दातृ संस्था वर्ल्ड भिजन इन्टरनेशनल र ग्रामीण विकास केन्द्र रौतहटको कामलाई सराहना गरेका थिए ।

अहिले गरुडा नगरपालिकाको ४ वटा वडामा मात्र कार्यक्रम सञ्चालनमा रहेका छन् । जिल्लाका सबै नगरपालिकामा कार्यक्रम सञ्चालन गर्न उनले आग्रह गरे । रौतहटका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले डोनरको रकम सहयोग लिएर व्यापार सञ्चालन गर्दा इजाजत नलिएकोमा सुधार गर्न सुझाव दिए । उनले दातृ निकायले दिएको रकम सहि रुपमा सदुपयोग गर्न आग्रह गरे ।

जिल्ला समन्वय समितिका प्रमुख रामअयोध्या राय यादवको अध्यक्षतामा भएको बैठकमा माधव नारायण नगरपालिकाका नगर प्रमुख वैजु प्रसाद यादव, ग्रामीण विकास केन्द्र अध्यक्ष पारस हुसेन, स्वास्थ्य कार्यालय रौतहटका हरेन्द्र गुप्ता लगायतले मन्तव्य राखेका थिए । सो कार्यक्रममा आयोजक संस्थाका बाला खड्का र सन्तोष पहारीले वर्ल्ड भिजन इन्टरनेशनलबाट गरिबी र अन्यायबाट मुक्त गराउने उदेश्यले नेपालको १६ जिल्लाको ५१ नगरपालिकाको २ सय ७५ वडा कार्यक्रम भइ रहेको बताए । यो कार्यक्रमले अभिभावक विहीन बालबालिकालाई संरक्षण गर्ने उदेश्यका साथ शुरु भएका छन् । नेपालमा २६ क्षेत्र कार्यमा कार्यक्रम र कार्यक्रममार्फत ८ लाख बालबालिकाको दिगो समृद्धि, बाल संरक्षण तथा बाल स्पोन्सरसिप कार्यक्रम रहेको छ ।

रौतहटको गरुडा नगरपालिकामा यूके, माघवनारायण नगरपालिकामा मलेसियाका दाताले सहयोग गरी रहेका छन् । रौतहटको दुवै नगरपालिकामा कार्यक्रम गर्न १० करोड ५ लाख २९ हजार आठ सय ३१ हजार रुपैयाँ यस वर्ष खर्च भएको कार्यक्रम प्रबन्धक सन्तोष पहारीले बताए । जिल्लामा ७ हजार ४ सय १६ जना बालबालिकाले सहयोग पाइरहेको बताउँदै पहारीले ३ हजार २ सय ८७ बालबालिका गरुडा नपाको र ४ हजार १ सय २९ बालबालिका माधव नारायण नपा रहेको बताए ।

## दबावमा...

आएका छन् । गत वर्ष सम्पन्न तीन तहको चुनावको नतिजाबाटै ठूला दलहरुको आकर्षण घटेको पुष्टि भएको थियो । स्थानीय चुनावमा काठमाडौं महानगरकै मेयरमा गैरदलीय उम्मेद्वार बनेर बालेनले चुनाव जिते । धरान महानगरपालिकामा हर्क साम्पाङ, धनगढी उपमहानगरको मेयरमा गोपी हमाल लगायत गैरदलीय उम्मेद्वारले जितेपछि मंसिरको चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनमत पार्टी र नागरिक उन्मुक्तिले अप्रत्यासित मत पाउन बल पुग्यो ।

पार्टी गठन भएको सात महिनाभित्रै रास्वपाले २० सिट जितेर चौथो शक्ति बन्यो । जनमत पार्टीले आफूलाई राष्ट्रिय पार्टी बनायो भने नागरिक उन्मुक्तिले पनि राम्रो उपस्थिति जनायो । जसले गर्दा मुलुकमा कुनैपनि दलले प्रष्ट बहुमत ल्याउन सकेनन् । जसको परिणाम सत्ता निर्माणमा परिरहेको छ ।

त्यसपछि पनि नयाँ दलहरुप्रति मतदाताको रुझान घटेको छैन । गत १० वैशाखमा सम्पन्न उपनिर्वाचनको नतिजा त्यसैको उदाहरण थियो । तनहुँ-१, चितवन-२ र बारा-२ मा सम्पन्न उपनिर्वाचनमा रास्वपाले बलियो उपस्थिति जनाएको थियो । चितवन र तनहुँमा रास्वपाले चुनाव नै जित्यो भने बारामा जनमत पार्टीले प्रतिस्पर्धी मत ल्यायो ।

यसरी लगातार दबावमा पर्दै आएका ठूला दलहरु नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र पार्टी मत जोगाउन अहिलेबाटै लागिपरेको देखिन्छ । एमाले आमचुनाव सकिएपछि पहिलो दुई महिने मिसन ग्रासरुट र लगत्तै एकवर्षे अभियानमा छ । कांग्रेसले साउन पहिलो साता केन्द्रीय कार्य समिति बैठक राखेर एक वर्षे विशेष अभियान चलाइरहेको छ । लगत्तै माओवादी केन्द्रले पनि तीन महिने जनस्तर अभियान शुरु गरेको छ । यी तीन वटै दलहरुको उद्देश्य पार्टीको मत जोगाउने देखिन्छ । किनकि परम्परागत पार्टी परित्याग गरेर रास्वपा प्रवेश गर्ने क्रम बढेको नेताहरुकै आन्तरिक प्रतिवेदनहरुमा उल्लेख छ ।

## काठमाडौंमा...

उपयुक्त नहुने ठानेर बहिष्कार गरेको गुठिचौर गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक बालराम नेपालीले बताए । यता, वनगाड कुपिण्डे नगरपालिकाका लेखा अधिकृत दिनेश भण्डारीले सङ्घीय सरकारले स्थानीय तहका कर्मचारीलाई बेवास्ता गरेकोले निजामती कर्मचारी सेवा दिवस मनाउनुको औचित्य नरहेको बताए ।

भण्डारीले स्थानीय तहमा बेरुजु बढ्नु, बेथिति बढ्नुको प्रमुख कारण पनि संघका टुरिस्ट कर्मचारी रहेको बताए ।

कर्णाली प्रदेशका कार्यवाहक मुख्यमन्त्री मंगलबहादुर शाही प्रदेश निजामती ऐन आएपछि कर्मचारीहरूलाई काम गर्न सहज हुने बताउँछन् । 'प्रदेश निजामती ऐन आएपछि कर्मचारीहरूलाई काम गर्न सहज हुने विश्वास छ' उनले भने ।

साथै कर्णालीको विकासका लागि सबै जिम्मेवार बन्नुपर्ने उनको भनाइ छ । ' कर्णाली सबैभन्दा पछाडि छ भनेर भन्ने गरिएको छ । यहाँको स्रोत, साधनको प्रयोग गरे मात्रै देशकै समृद्धि आधार बन्ने देखिन्छ । त्यसको लागि काम गर्ने शैलीमा परिवर्तन गर्नुपर्छ' उनले भने ।

कार्यक्रममा अर्थमन्त्री बेदराज सिंहले कर्मचारीले जनतालाई केन्द्रमा राखेर काम गर्नुपर्ने बताए । राष्ट्रसेवक कर्मचारीले जनमुखी सेवा प्रवाह गर्नतर्फ ध्यान दिन उनले निर्देशन दिए । अन्तर प्रदेश सरुवाको व्यवस्था संघीय निजामती ऐनमा नै खुलाउनुपर्ने, निजामती अस्पतालमा सबै सरकारी कर्मचारीलाई समेट्नुपर्ने, प्रमुख प्रशासकीय अधिकृतको पद स्थानीय सेवाको हुनुपर्ने लगायतका माग कर्मचारीले गरेका छन् ।

## अवैधरूपमा...

तथा अन्य कागजपत्र जफत गरी नेपालमा रहेका परिवारलाई तनाव दिएर ठूलो परिणाममा रकम पठाउन बाध्य पार्ने र रकम नदिए शारीरिक तथा मानसिक यातना दिने गैरकानूनी क्रियाकलाप गरी अलपत्र पार्ने गरेको प्रहरीले बताएको छ ।

गौतमले मेक्सिकोमा संगठित गिरोह बनाएर दुबई, सिंगापुर, फिलीपिन्स, थाइल्याण्ड, श्रीलंका, कोलम्बिया, ल्याटिन अमेरिकालगायतका देशहरुमा एजेन्ट परिचालन गरी मानव तस्करी गरेको प्रहरीले बताएको छ । यही प्रकरणमा प्रहरीले केही दिनअघि कमल तामाङलगायतलाई पनि पक्राउ गरेको थियो । उनीहरूको बयानका आधारमा गौतमलाई पक्राउ गरिएको प्रहरीले बताएको छ । पक्राउ परेका गौतम आफैं भने अपांग अवस्थामा रहेका छन् ।

यसैबीच प्रहरीले अष्ट्रेलिया पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा भक्तपुर मध्यपुर ठिमी नगरपालिका-४ घर भइ काठमाडौं सामाखुसी बस्ने ५० वर्षीय रत्न केशरी श्रेष्ठलाई शुक्रबार पक्राउ गरेको छ । श्रेष्ठले एक जनालाई वैदेशिक रोजगारीका लागि अष्ट्रेलिया पठाइ होटलमा मासिक ३ लाख रुपैयाँभन्दा बढी तलबमा काम लगाइदिने प्रलोभनमा पारी पीडितबाट पटक-पटक गरी ९ लाख रुपैयाँ लिइ सम्पर्कविहीन भएको प्रहरीले बताएको छ । उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको छ ।

## कोरियासँग...

उता वैदेशिक रोजगार विभागले पनि जर्मनीमा नेपाली सहायक कामदार छनोटका लागि नक्कली सूचनाको आधारमा आवेदन आह्वान भएको भन्दै सचेत रहन आग्रह गरेको छ । विभागका निर्देशक कविराज उप्रेतीले विज्ञप्ति जारी गर्दै सामाजिक सञ्जालमा प्रकाशित भ्रमपूर्ण सूचना तथा विज्ञापनमा विश्वास नगर्न आग्रह गरेका छन् ।

## कोशी...

दुई महिना सरकार बाहिर रहेका उनी शुक्रबार फेरि सरकारको नेतृत्वमा पुगे । शुक्रबार कार्कीले प्रदेश प्रमुख पर्शुराम खापुङबाट पद तथा शपथ लिएका हुन् । सर्वोच्च अदालतको परमादेश अनुसार प्रदेश प्रमुख परशुराम खापुङले प्रदेशसभाको सबभन्दा ठूलो दलको नेता कार्कीलाई संविधानको धारा १६८ (३) अनुसार मुख्यमन्त्री नियुक्त गरेका हुन् ।

कार्कीले शुक्रबार नै सानो आकारको मन्त्रिपरिषद् पनि बनाएका छन् । एमालेबाट तिलकुमार मेन्याङ्वो उर्जा, पाँचकर्ण राई वन र एकराज कार्की भौतिक पूर्वाधार मन्त्री बनेका छन् । उनीहरुले पनि शपथ लिएका छन् । सृजना राई सामाजिक विकास राज्यमन्त्री नियुक्त भएकी छिन् । अल्पमतको सरकार बनाएका मुख्यमन्त्री कार्कीले ३० दिनभित्र विश्वासको मत लिनुपर्नेछ । तर फेरि पनि बहुमतका लागि कार्कीलाई समस्या छ ।

१५ असारमा प्रदेशसभामा विश्वासको मत नपाएका कार्कीले फेरि विश्वासको मत लिन सक्नुपर्नेछ । १५ असारमा उनले ४६ मत मात्र पाएका थिए । त्यसपछि कांग्रेस-माओवादी गठबन्धनबाट कांग्रेस संसदीय दलका नेता उद्धव थापा दुई पटक मुख्यमन्त्री भए । २१ असारमा सभामुखको हस्ताक्षर प्रयोग गरेर मुख्यमन्त्री भएका उनको नियुक्ति सर्वोच्चले ११ साउनमा बदर गऱ्यो । सभामुखबाट बाबुराम गौतमलाई राजीनामा गराएर १६ भदौमा मुख्यमन्त्री भएका थापाले ४ भदौमा विश्वासको मत लिएका थिए । तर प्रदेशसभा बैठकको अध्यक्षता गरेका इस्राइल मन्सुरीले गरेको मतदानलाई असंवैधानिक ठहर गर्दै सर्वोच्चले २१ भदौमा थापा मुख्यमन्त्रीबाट पदमुक्त भएको फैसला सुनायो ।

परमादेशका आधारमा मुख्यमन्त्री भएका कार्कीलाई राप्रपाले समर्थन गरेको छ । राप्रपा समेतको मत जोड्दा थापाको पक्षमा ४६ मत पुग्छ । बहुमतका लागि ४७ मत चाहिन्छ ।

कोशी प्रदेश सभामा एमालेसँग ४० र राप्रपासँग ६ प्रदेश सांसद छन् । गठबन्धनमा रहेका कांग्रेसका २९, माओवादी केन्द्रका १३, एकीकृत समाजवादी पाटीका ४ र जसपाका एक प्रदेश सांसद छन् ।

# एमाले कर्णाली अधिवेशनको तयारी तीव्र, नेतृत्वका आकांक्षी धेरै

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २२ भदौ




नेकपा एमाले कर्णाली प्रदेश कमिटीको प्रथम अधिवेशनका लागि तयारी तीव्र पारिएको छ । पार्टीको कर्णाली प्रदेश कमिटीको प्रथम अधिवेशन आगामी असोज १० र ११ गते सुर्खेतको वीरेन्द्रनगरमा हुँदैछ। अधिवेशन नजिकिएसँगै कर्णालीमा नेताहरू पनि आन्तरिक छलफलमा व्यस्त देखिन्छन् । नेतृत्वबारे विभिन्न अड्कलबाजी पनि शुरु भएका छन् । प्रदेशको कमाण्ड सम्हाल्न नेताहरूबीच आन्तरिक रस्साकस्सी शुरु भएको छ ।

अधिवेशनले अध्यक्ष, उपाध्यक्ष, सचिव र दुई उपसचिव गरी ५ पदाधिकारीसहित नयाँ कमिटी बनाउनेछ । सहमति प्रयास गर्दा पनि लुम्बिनीमा अध्यक्षसहितका केही पदाधिकारीको टुंगो मतदानबाट लाग्यो । यहाँ पनि आकांक्षीको दाबी हेर्दा चुनावको सम्भावना बढेको नेताहरू बताउँछन् । नेतृत्वका लागि नेताहरूले आफू निकट नेता, कार्यकर्ताहरूसँग छलफल चलाउन थालेका छन् । साथै प्रदेशको नेतृत्व कसले पाउँछ भन्ने विषयले राजनीतिक वृत्तमा चर्चा परिचर्चा हुन थालेको छ । राजधानी वीरेन्द्रनगरमा हुने अधिवेशनले निर्वाचनमार्फत नेतृत्व चुन्ने बताइएको छ । एमाले कर्णाली प्रदेश अध्यक्ष विनोदकुमार शाहले विभिन्न समितिले अधिवेशनको तयारी गरिरहेको बताए ।

प्रदेश अध्यक्ष कार्यकारी भूमिकामा रहने र पोलिटब्युरो सरहको हैसियत हुने भएका कारण पनि उक्त पदका लागि केन्द्रीय सदस्यहरु पनि दाबेदार देखिन्छन् । यथाअवस्थामा कर्णाली प्रदेश नेतृत्वको लागि पोलिटब्युरो सदस्य सल्यानका गुलाबजंग शाह, दैलेखका लक्ष्मीप्रसाद पोखरेल, केन्द्रीय सदस्यहरू कालिकोटका मीनबहादुर शाही, नगीन्द्र शाही, दैलेखका विष्णु रिजाल, राजबहादुर बुढा, जाजरकोटका निरज आचार्य सुर्खेतका नवराज रावत, धुर्व शाही, हुम्लाका दल रावललगायतका नेताहरूको नाम चर्चामा छ ।

यस्तै कर्णालीका पूर्वसभामुख राजबहादुर शाहीले पनि अध्यक्षका लागि चाहना व्यक्त गरेका छन् । पार्टी केन्द्रले प्रदेश सभा सदस्य, प्रतिनिधि सभा र राष्ट्रिय सभा सदस्यहरूले अध्यक्ष र सचिवका लागि उम्मेदवार बन्न रोक लगाएको छ। उक्त नीतिका कारण कतिपय आकांक्षी नेताहरू उम्मेदवारको लिस्टबाट बाहिरै बसेका छन् । वर्तमान अध्यक्ष विनोदकुमार शाह, पोलिटब्युरो सदस्य भैरव सुन्दर श्रेष्ठलगायतका नेताहरू उम्मेदवार हुन् पाउँदैनन् । श्रेष्ठ राष्ट्रिय सभा संसदीय दलका प्रमुख सचेतक हुन् भने शाह प्रदेश सभा सदस्य हुन् ।

प्रदेश अध्यक्षको हैसियत पोलिटब्युरो सदस्य बराबर हुने र पद कार्यकारीसमेत हुने भएकोले केन्द्रीय तहका नेताहरूको पनि रुचीको विषय बनेको एक नेता बताउँछन् । नाम चर्चामा आएका कतिपय नेताहरू समेत प्रतिनिधि छनोटमै पर्ने-नपर्ने टुंगो छैन । एमालेका एक नेताले प्रतिनिधि छनोटपछि मात्रै अध्यक्षको आंकलन गर्न सकिने, तर अहिले नै यो अध्यक्ष हुन्छ भनेर भन्न सकिने अवस्था नभएको जिकिर गरे । सचिवका लागि सुर्खेतका तारा केशर गौतम, टेकेन्द्रकुमार बस्नेत, दैलेखका रुद्र शाहीलगायतले लबिङ गरिरहेको बताइन्छ ।

अधिवेशन नजिकिएसँगै यतिबेला तयारीलाई पनि तीव्र पारिएको छ । अधिवेशनमा करिब ६ सय ५० प्रतिनिधिको सहभागिता रहने छ । अधिवेशनको प्रतिनिधि छनोट अनुपात भूगोल खुलातर्फ १०० पार्टी सदस्य बराबर १ हुने, दलिततर्फ ७५ पार्टी सदस्य बराबर १ जना प्रतिनिधि हुने र छनोट भएका प्रतिनिधिमध्ये एक तिहाइ महिला संख्या अनिवार्य हुनुपर्ने बताइएको छ ।

प्रतिनिधि छनोटको आधार भूगोलका लागि पालिका र दलिततर्फका लागि प्रदेश निर्वाचन क्षेत्र रहने छ । साथै दलित पार्टी सदस्यले दलित वा भूगोलमध्ये कुनै एक क्षेत्र रोज्न सक्नेछन् । प्रतिनिधि छनोटको व्यवस्थापन भूगोलको लागि सम्बन्धित पालिका कमिटी र दलितका लागि सम्बन्धित प्रदेश निर्वाचन क्षेत्र समन्वय कमिटीले गर्नेछ । शेष रहेको ५० प्रतिशत अंक बराबर एक जना प्रतिनिधि थप हुने व्यवस्थासमेत गरिएको अध्यक्ष शाहले बताए ।

यता नेकपा एमालेका सचिव तथा कर्णाली प्रदेश इन्चार्ज लेखराज भट्टले पार्टीको कर्णाली प्रदेश समितिमा दश प्रतिशत युवाको सहभागिता सुनिश्चित गरिने बताएका छन् । उनले नेतृत्व चयनका लागि जतिसक्दो सहमतिको प्रयास हुने पनि बताएका छन् ।

उनले यदि सहमति नभएको खण्डमा नेकपा एमाले लोकतान्त्रिक अभ्यासलाई मान्यता दिने पार्टी भएकाले सोही आधारमा भए पनि नेतृत्व चयन गरिने बताएका छन् । उनले कर्णालीमा गुट उपगुट भएको कुप्रचार गरिएता पनि कुनै गुट उपगुट नभएको दाबी गरेका छन् । एमालेले कर्णाली प्रदेश अधिवेशनका लागि भदौ ३० गते प्रतिनिधि चयन गरिने छ । प्रदेश अधिवेशनको तयारीका लागि प्रदेश इन्चार्ज, प्रदेशका पदाधिकारी, कर्णाली प्रदेशका केन्द्रीय सदस्य र एमाले कर्णालीका नेता कार्यकर्ता तोकिएको जिम्मेवारीअनुसार काममा जुटेको नेताहरूले बताएका छन् ।

# बरहथवा नगरपालिकाद्वारा सिकाइ केन्द्रको अनुगमन



**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २२ भदौ

सर्लाहीको बरहथवा नगरपालिकाले बरहथवा-८ टाडी टोलमा रहेको सिकाइ केन्द्रको अनुगमन गरेको छ । ग्लोबल डेभलपमेन्ट ग्रुपको आर्थिक सहयोग तथा बरहथवा नगरपालिकाको समन्वयमा आसमान नेपाल नामक संस्थाले सञ्चालन गरेको निःशुल्क सिकाइ केन्द्रको नगरपालिकाले शुक्रबार अनुगमन गरेको हो ।

नगरपालिकाकी प्रमुख कल्पना कुमारी कटुवाल, प्रमुख प्रशासकीय अधिकृत मदन थापा, शिक्षा शाखा प्रमुख अनिल साह, वडा अध्यक्ष राजकिशोर महतोसहितको टोलीले सिकाइ केन्द्रको अनुगमन गरेका हो ।

संस्थाका जिल्ला कार्यक्रम संयोजक हरेराम ठाकुरका अनुसार संस्थाले विगत ३ महिनादेखि हालसम्म ७ वटा निःशुल्क सिकाइ केन्द्र सञ्चालन गरिसकेको छ । जसमा १० देखि १८ वर्ष उमेर समूहका १ सय ६० जना शिक्षाबाट बञ्चित रहेका किशोरीहरुलाई समेटिएको संयोजक ठाकुरले जानकारी दिए ।

उनले ७ वटै सिकाइ केन्द्र आगामी चैत मसान्तसम्म सञ्चालनमा रहने बताए । त्यसपश्चात केन्द्रमा सहभागी सबै जनालाई स्कुल ड्रेस र ब्याग प्रदान गरी विद्यालय भर्ना गराउने उद्देश्य रहेको ठाकुरको भनाइ छ । संस्थाले आगामी ३ वर्षभित्र विद्यालय बाहिर रहेका नगरपालिकाअन्तर्गतका ३ सय ५५ बालिकामध्ये ७० प्रतिशतलाई शिक्षामा पहुँच पुऱ्याउने लक्ष्य राखेको छ । योसँगै संस्थाले सर्लाहीसहित सप्तरी, सिरहा, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सा, धादिङ, सल्यान, सुनसरी, मोरंग, कपिलवस्तु, सुर्खेत, लमजुङ गरी १७ वटा जिल्लामा शिक्षा, स्वास्थ्य, पोषण, सुशासन, जिविकोपार्जन,बालअधिकार, बाल संरक्षण, प्राकृतिक श्रोत, व्यवस्थापन, प्रकोप व्यवस्थापनलगायतको क्षेत्रमा विगत २४ वर्षदेखि काम गर्दै आइरहेको छ ।

**कैदी मृत्यु प्रकरण**

# सात प्रहरी र आठ कैदीविरुद्ध मुद्दा दर्ता

खाँदबारी/मस-संखुवासभा जिल्ला कारागारमा भएको कैदी हत्या प्रकरणमा सरकारी वकिल कार्यालयले सात प्रहरी र आठ कैदीविरुद्ध जिल्ला अदालतमा शुक्रबार कर्तव्य ज्यान सम्बन्धि मुद्दा दर्ता गरेको छ । प्रहरी सहायक निरीक्षक लक्ष्मी चौधरी, प्रहरी हवल्दार राजकुमार श्रेष्ठ, प्रहरी जवानद्वय सुमन गुरुङ र पवनकुमार महतो, कारागार सुरक्षा गार्डद्वय दमनसिंह राई र नुसन राईविरुद्ध मुद्दा दर्ता गरिएको जिल्ला न्यायाधिवक्ता सन्तोषप्रसाद भण्डारीले जानकारी दिए ।

यसैगरी सरकारी वकिल कार्यालयले कैदीहरु राम कार्की, अनिस शर्मा कट्टेल, सचिन राई, सुमन सारुमगर, टीकाराज चौहान, नवीनकुमार राई, इन्द्रध्वज घिमिरे र मीनबहादुर तामाङविरुद्ध पनि मुद्दा दर्ता गरेको छ । कारागारको झ्याल काटेर भाग्न खोजेपछि गत साउन २४ गते दुईजना कैदीको कुटपिटबाट मृत्यु भएको थियो । कुटपिटबाट संखुवासभाको मादीका विनोद तोलाङ्गी र नुवाकोटको ककनीका आकाश बलामीको मृत्यु भएको थियो ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/११/२६ मा दर्ता कायम भएका **मंगलम मल्टिपर्पोज एग्रो फार्म प्रा.लि. (प्रा.लि. नं. २५८४८९)** लाई खारेजी लिक्वीटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८०/०५/२२ गतेमा सम्पन्न संचालक समितिको निर्णय बमोजिम यस कम्पनीले तिर्न बेहोर्न पर्ने ऋण, धन, एवं कोही कसैको बाकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरका कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय,** **इजाजत प्र.प.नं. २२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**

# 'गरिबसँग स्थानीय सरकार' कार्यक्रमको कार्यविधि मस्यौदा तयार

**पवन जायसवाल/मध्यान्ह**
नेपालगञ्ज, २२ भदौ

बाँकेको नेपालगञ्ज उपमहानगरपालिकाले 'गरिबसँग स्थानीय सरकार' कार्यक्रम सञ्चालन गर्ने भएको छ। कार्यक्रम सञ्चालन गर्नका लागि कार्यविधि मस्यौदा तयार गरिएको छ । कार्यक्रम अन्तर्गत आर्थिक रुपमा विपन्न तथा अवसरबाट वञ्चितलाई विभिन्न प्रकारका व्यावसायिक गतिविधिमा सक्रिय गराइने छ । नेपालगञ्ज उपमहानगरपालिकाका मेयर प्रशान्त विष्टले उपमहानगर क्षेत्रमा बसोबास गरिरहेका लक्षित समुदायमध्ये आर्थिक क्रियाकलापका दृष्टिले निस्क्रिय जनशक्तिलाई व्यवसायिक गतिविधिमा सरिक गराउनका लागि सो कार्यक्रम सञ्चालन गरिने बताए । उनले कार्यक्रम सञ्चालन गर्न कार्यविधि आवश्यक रहेकाले कार्यविधिको मस्यौदा तयार भई प्राप्त भएकाले पारित गरेर राजपत्रमा प्रकाशित भएपछि कार्यक्रम सञ्चालन हुने बताए ।

साझेदारी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७५ लाई प्रतिस्थापन गर्न बनेको 'गरिबसँग स्थानीय सरकार कार्यक्रम सञ्चालन कार्यविधि २०८०' को मस्यौदा तयार पारिएको हो । नेपालगञ्ज उपमहानगरपालिकाका सामाजिक विकास शाखा प्रमुख कृष्णप्रसाद जोशीले यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भइ नेपालगञ्ज राजपत्रमा प्रकाशन भएपछि लागू हुने बताए । उक्त कार्यविधिको मस्यौदा कार्यविधि संशोधन कार्यदलले सामाजिक विकास समितिका संयोजक कौशलकुमार धोबीलाई हस्तान्तरण गरेको छ । कार्यदलका संयोजक गोविन्द प्रसाद रेग्मीले सो मस्यौदा हस्तान्तरण गरे । साउन २५ गते बसेको सामाजिक विकास समितिको बैठकले रेग्मीको संयोजकत्वमा लक्ष्मण वर्मा र विना थापा सदस्य तथा कृष्ण प्रसाद जोशी सदस्य सचिवमा रहेको कार्यदल गठन गर्ने निर्णय गरेको थियो ।

# जमुनिया माविमा चित्रकला प्रतियोगिता सम्पन्न

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २२ भदौ



रौतहटको कटहरिया नगरपालिका-२ जमुनिया माध्यमिक विद्यालयमा शुक्रबार चित्रकला प्रतियोगिता सम्पन्न भएको छ । जिइसी युके एआइडिए नामक संस्थाको आर्थिक र टिनको प्राविधिक सहयोग तथा एसओडिसिए नामक संस्थाको आयोजनामा उक्त प्रतियोगिता सम्पन्न भएको हो ।

सा-साना बालबालिकालाई विभिन्न प्रकारका चित्र बनाउनेतर्फ अभिप्रेरित गर्ने उद्देश्यले एसओडिसिए पर्साले आयोजना गरेको प्रतियोगिताको अध्यक्षता बालिका तथा समावेशी शिक्षा सञ्जालका संयोजकसमेत रहेका जमुनिया माध्यमिक विद्यालयका प्रधानाध्यापक योगेन्द्र प्रसाद कुश्वहाले गरेका थिए ।

प्रतियोगितामा उत्कृष्ट चित्र बनाउने सञ्जना कुमारी राम प्रथम, बन्दना कुमारी कुश्वहा द्वितीय र प्रतिकक्षा कुमारी चौधरी तृतीय भए । उत्कृष्ट चित्र बनाउने तीनै जना बालिकाले प्रोत्साहन पुरस्कार प्राप्त गरे ।

त्यस्तै कविता कुमारी राम, मन्दिप कुमार यादव, कन्हैया शर्मा, रोशनी कुमारी पन्डित, रिन्कु कुमारी पण्डितसहित ७ जना विद्यार्थीले सान्त्वना पुरस्कार प्राप्त गरे । पुरस्कारस्वरुप उनीहरुलाई कापी र कलम प्रदान गरिएको थियो ।

जमुनियाका वडा अध्यक्ष हरेन्द्र साह कल्वारले विजेता भएका विद्यार्थीहरुलाई पुरस्कार वितरण गरेका थिए । कार्यक्रममा वडा अध्यक्ष साहले यस्ता कार्यक्रमले बालबालिकामा कलाको विकास हुने र सम्वर्द्धनमा समेत उल्लेखनीय भूमिका निर्वाह गर्ने विश्वास लिएको बताए ।

आयोजक संस्था एसओडिसिएले विजेताहरुलाई पुरस्कार उपलब्ध गरायको थियो । कार्यक्रममा कटहररिया नगरपालिकाका शिक्षा संयोजक अनिल कुमार निधि, प्रधानाध्यापक योगेन्द्र प्रसाद कुश्वहा, जनप्रतिनिधि, अभिभावक, शिक्षकलगायतको सहभगिता रहेको एसओडिसिएकी फिल्ड कर्मचारी सिन्दु साहले बताइन् ।

# हुम्लामा कपडा बैंक स्थापना, न्यून आय भएकालाई निःशुल्क

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २२ भदौ



हुम्लाको सिमकोट बीच बजारमा दुई महिना अगाडि निर्माण गरिएको कपडा बैंकको उद्घाटन गरिएको छ ।

कर्णाली प्रदेश पूर्व मुख्यमन्त्री जीवन बहादुर शाहीले रिवन काटेर कपडा बैंकको उद्घाटन गरेका हुन् । उक्त कपडा बैंक सिमकोट कालिन चोकमा नेपाली कांग्रेस जिल्ला उपसभापति बसन्त रोकायाको घरमा रहेको छ । जिल्लाका दुखी, गरिब, अपांग, न्यून आयस्रोत भएका नागरिकका लागि नेपाली कांग्रेस जिल्ला उपसभापति रोकायाले आफ्नै लगानीमा कपडा बैंक स्थापना गरेका हुन् । जिल्लाका हुनेखाने तथा आयस्रोत भएका नागरिकले आफुले सहयोगको रुपमा कपडा राख्ने र त्यो कपडा जिल्लाका जुनसुकै नागरिकले मनपरेको कपडा निःशुल्क रुपमा लिन सक्ने हेतुले कपडा बैंक स्थापना गरिएको उपसभापति रोकायाले बताए ।

उनका अनुसार बजारमा व्यवसाय गर्दै आएका पसलमा भएका स्टक कपडा सहयोग गर्ने मन हुँदा पनि कुनै स्थान नपाएका नागरिकलाई सहज होस् भन्नाले कपडा बैंक स्थापना गरिएको हो ।

त्यस्तै जिल्ला बाहिरबाट आएका नागरिक, कर्मचारीले जिल्ला छोडेर जाँदा आफुले लगाएका पुराना कपडा आधाजति फोहोरमा पाल्ने गर्दछन् । त्यसलाई मध्यनजर गर्दै बैंक स्थापना गरिएको रोकायले बताए । आफुले लगाएको कपडा, जुत्ता चप्पल आदि सफा गरेर उक्त बैंकमा राख्न सकिन्छ । बैंक २४ घण्टा खुल्ला हुनेछ । बैंकमा सीसीटिवी पनि जडान गरिएको छ । अब न्यून आयस्रोत भएका नागरिकलाई कपडा बैंक स्थापना भएपछि सहज हुने विश्वास लिइएको छ ।

## UAE र KUWAIT मा वैदेशिक रोजगार

**१. कम्पनी : SIMPANI SECURITY SERVICES LLC.** शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०१/२४ चलानी नं.: ६०२०१०३८ L.T. No.: 285603 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 39 | 0 | स. काममा दक्ष | 1200 | ४३,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**२. कम्पनीः PRIME FM BUILDING MAINTENANCE LLC** शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०४/३० चलानी नं.: ६०२०६२४६ L.T. No.: 290997 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Cleaner | 81 | 0 | स. काममा दक्ष | 925 | ३३,४५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**३. कम्पनी : CLEANCO CLEANING SERVICES & BUILDING MAINTENANCE** शहरः UAE
पूर्व स्वीकृत मितिः २०७९/०६/१४ चलानी नं.: ६०१८८६३७ L.T. No.: 273063 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 70 | सम्बन्धित काममा दक्ष | 900 | ३२,५५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners | 25 | 0 | | 800 | २८,९३६ | | | | | | | |

**४. कम्पनी : AL TANMYAH SERVICES L.L.C.** शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०३/०३ चलानी नं.: ६०२०२७९६ L.T. No.: 287440 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 145 | 146 | सम्बन्धित काममा दक्ष | 900 | ३२,५५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard - Sira | 223 | 50 | | 1200 | ४३,४०४ | | | | | | | |

**५. कम्पनी : ALIGN ON DEMAND LABORS SUPPLY SERVICES L.L.C** शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०१/२६ चलानी नं.: ६०२०१३३० L.T. No.: 285751 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packer | 17 | 100 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Factory Worker | 98 | 0 | | 900 | ३२,५५३ | | | | | | | |
| 3. | Ticket Collector | 59 | 100 | | 1500 | ५४,२५५ | | | | | | | |

**६. कम्पनी : INTERNATIONAL FOUNDATION GROUP (L.L.C.)** शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०३/२४ चलानी नं.: ६०२०६७६४ L.T. No.: 288939 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labor/helper | 50 | 0 | स. काममा दक्ष | 800 | २८,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**७. कम्पनी : KUWAIT FOOD COMPANY - AMERICANA** शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०९/०५ चलानी नं.: ६०१९३५५१ L.T. No.: 278002 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter /waitress | 96 | 55 | स. काममा दक्ष | 120 | ५१,६७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० भदौ ३० गते (16 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

AKP
Gov. Lic. No. 712/064/065
**AIR KINGS PLACEMENT PVT. LTD.**
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon
Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

## कथा

# कल्पनाकी परी



■ टीकाराम रेग्मी

आज पनि उनी यही बाटो आउँदै छिन् । सोमराजले उनीतिर पुर्लक्क हेर्‍यो । पुसको कठाङ्ग्रिदो जाडोमा भर्खर देखापरेको घामको रापमा बसेर एकाग्रतापूर्वक लेख्दै गरेको सोमराजलाई उनको आगमनले विद्युतीय झड्का दियो । उसको हातको कलमले सुइय गर्दै थकाइ मार्‍यो । के सोंच्दै थियो उसले ? तर किन उसको एकाग्रता खण्डित भयो ? उसलाई हेक्का भएन ।

उसले फेरि हेर्‍यो, उनलाई । दुई/चार रौंहरू लत्रिएर छोपेको लाम्चो सफा हँसिलो उज्यालो अनुहार । गुलाबी गाला । चञ्चल ठूला आँखा । राम्ररी कोरिएको लामो र कालो रेशमी कपाल । पुष्ट बक्षस्थल । स्वस्थ नितम्ब । उनी सरासर उसैतिर आउँदै छिन् । "अहँ, मैले उनीसँग बोलि पनि त मिसाएको छैन । तर, किन यति सशक्त आक्रमण गर्‍यो उनको अनुहारले मलाई आज ? होइन, उनको अनुहारले मात्र होइन, उनको अग्लो पातलो शरीर, छिनेको कम्मर, लचकदार गति, शीलले झुकाएको शीर ।" सोमराजको मन रमायो ।

उसले सँगै बसेको अधबैंसे प्रभातलाई पुलुक्क हेर्‍यो । उसलाई प्रष्टै भयो । प्रभातले पनि त उनैलाई हेर्दै छ । उसलाई लाग्यो प्रभातका नजरहरू ती दुईका बीच पर्खाल बनेर उभिँदैछन् । उसले नजर अन्तै घुमाए झैं गर्‍यो । तर, प्रभातले नजर हटाएन । उसलाई सम्झना भयो अस्ति मात्रै उनी यही बाटो भएर हिँड्दा पनि प्रभातसमेत अन्य दुई साथीले पनि उनैलाई हेर्दै थिए । तर, किन सरिता त्यो देख्नै नसके झैं फनक्क फर्केर कोठाभित्र पसिन् ? आखिर सरिताको पनि त हामीसँग कुनै लेनदेन छैन । फेरि, यी को हुन् ? कहाँबाट आएकी हुन् ? कता जाँदै छिन् ? कहाँ बस्छिन् ? यो बाटो भएर प्रायः किन हिँड्छिन् ?

अस्तिको जम्का भेटपछि प्रभातले भन्दै थियो, "किन कुनै नारीलाई यति धेरै सुन्दरता दिन्छ प्रकृतिले ? किन लाग्छ एउटा मान्छेलाई यति धेरै नशा सुन्दरीको उपस्थितिले ? किन हुन्छ योरूपमा यति धेरै मादकता ?"

के ऊ साँच्चै प्रभावित छ यो महिलाप्रति ? आज उसलाई प्रभात आफ्नै अर्धाङ्गिनीबाट तृप्त हुन सकेको छैन भन्ने रहस्योद्घाटन भएको आभाष भयो । तर, के हुनसक्छ यसको कारण ? के सौन्दर्य मात्रै होला ? या के हुन्छ र यी महिलाहरूमा बुढा शेरहरू पनि पछि लाग्दछन् ? के साच्चै ऊ आफ्नी अर्धाङ्गिनीसँग सन्तुष्ट नभएकै हो ? त्यसो भए कारण त होला नि ? के हुनसक्छ त्यो ? वा, ऊ सन्तुष्ट हुँदाहुँदै पनि आँखा डुलाई बस्छ यो ? ऊ मात्रै ? कि सबै पुरुषहरू ? त्यसो हो भने भोलि ऊ आफै पनि यस्तै हुन्छ ? के ठेगान ! सोमराज चिन्तामग्न भयो ।

सोमराजले उनीतिर छड्के नजर लगायो । ऊ सतर्क थियो, कतै उसको दृष्टिमा कसैको नजर नपरोस् । राम्रो मौकामा उसले नजर लगाएको थियो । उ दंग पर्‍यो । उसका आँखाको तिर उनका खुला आँखामा परे । मृग नयनी । उसले झट्ट मूल्यांकन गर्‍यो । के उनले पनि मलाई नै हेर्दै थिइन् ? हुन पनि सक्छ । सोमराज दंग पर्‍यो । के कसैले मेरै लागि पठाएको हो यिनलाई ?

उ सराङ्कोटको डाँडामा उनैलाई अङ्गालोमा बाँधेर उभियो । टावरको गार्डलाई तस्बीर खिच्न लगायो । "दाई, अलिक त्यो माछापुच्छ्रेलाई पनि मेरो सिरानीमा राखी दिनोस् न । फेवालाई पनि नबिर्सनोस् नि । यो त काखैमा आएर बसोस् है थपक्क ।" गार्डले घुमी घुमी उनीहरूको इच्छानुसारका तस्बिर लिइदियो । ऊ एकाएक डुङ्गामा सवार भयो । कसरी जानेको नि सोमराजले डुङ्गा चलाउन पनि । उनी मस्किइन्, उसको चुट्किलासँगै । मुस्कान भरिएको लजालु नजरले उसलाई हेरिन् । चोर औंला टोकिन, कर्के आँखाका तिर फाल्दै गर्दा उनी लहसिइन् । लत्रिन् कर्कलो झैं । ढलिन् गलेको माटोको डल्लो झैं, निसहाय । निसहाय ? होइन । परीक्षण होला सायद । आफूलाई भाग्यवानी ठान्यो । उसले सम्हाल्यो । डुङ्गा ढल्पलायो । उसलाई लाग्यो, होइन उनको मुटुको धड्कन् हो । ऊ उनैसँग लीन भयो । एकाकार भयो । पुरुष र प्रकृति भनेको यही हो ?

